STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

सुनिश्चित महिला तथा बालअधिकार सु-सम्पन्न नेपालको आधार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क १५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ६ गते आइतबार ❑ 20 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## संविधान जोगाउने दायित्व कांग्रेसमाथि : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले संविधानमाथि अहिले खतरा उत्पन्न भएको भन्दै यसको रक्षाको दायित्व नेपाली कांग्रेसमा आएको बताएका छन्।

प्रजातान्त्रिक विचार समाज कास्कीले शनिबार भर्चुअल रुपमा गरेको 'संविधानको रक्षा आजको आवश्यकता' विषयक अन्तर्क्रिया र पुस्तक विमोचन कार्यक्रमा उनी बोल्दै थिए । नेपाली कांग्रेसको नेतृत्व सरकारमा रहेका बेला जारी भएको नेपालको संविधानको रक्षाका लागि कांग्रेस सदैव चिन्तित रहेको भन्दै उनले अहिले संवैधानिक संकट आएका बेला पनि पार्टीको भूमिका सशक्त हुनुपर्नेमा जोड दिए।

संविधानको सर्वोच्चता भनेकै लोकतान्त्रिक मूल्य मान्यतामा आधारित पद्धति हो भन्दै उनले त्यसलाई जोगाउनु सरकारको दायित्व रहे पनि वर्तमान



प्रधानमन्त्रीले संविधान कुल्चने काम गरेको भनाइ राखे।

२०७४ को चुनाव नतिजामा कम्युनिस्ट घटक दुई तिहाइ नजिक पुगेर सरकार गठन गरेपछि कांग्रेस स्वभाविक रुपमा प्रतिपक्षको भूमिकामा रहेको उनले बताए । उनले भने, 'हामी यो अवधिमा रचनात्मक भूमिका खेल्यौं। अस्थिर राजनीतिका कारण विकास हुन नसकेका बेला अब ५ वर्षसम्मसरकार टिकोस भन्ने थियो। तर प्रधानमन्त्रीको अधिनायकवादी प्रवृत्तिले संविधानमाथि कुठाराघात भयो ।' यो कठिन घडीमा विचार समाजजस्ता सुभेच्छुक संस्थाहरु चनाखो भएर लाग्नुपर्ने उनको भनाइ थियो । समाजले चालेको यो कदमको सफलता मिलोस् भन्ने सुभाव मुख्यमन्त्री पोखरेलले दिए।

लोकतन्त्र स्थापना, पुनर्स्थापना हुँदै गणतन्त्र स्थापनामा प्रजातान्त्रिक विचार समाज लगायत संघ संस्थाले खेलेको भूमिका अतुलनीय रहेको भन्दै उनले प्रशंसा समेत गरे । विचार समाज कास्कीले प्रकाशन गरेको 'विचार प्रवाह' को सातौं अंकको उक्त अवसमार मुख्यमन्त्री पोखरेलले विमोचन गरे। कार्यक्रममा विचार समाजका केन्द्रिय अध्यक्ष डा केदारनरसिंह केसी, उपाध्यक्ष कुलचन्द्र वाग्ले, सचिव प्राडा वासुदेव भण्डारी जिल्ला अध्यक्ष प्राडा गिरिधारि शर्मा, उपाध्यक्ष डा. वीरबहादुर कार्की, सचिव शिशुकला पराजुली लगायतले विचार व्यक्त गरे । अधिवक्ता कपिलमणि दाहालले अवधारणा पत्र प्रस्तुत गरेको कार्यक्रममा संविधानविद् डा. विपीन अधिकारीले टिप्पणि गरेका थिए।

## मनसुनजन्य विपद्मा परी १७ को मृत्यु

**रासस**
**काठमाडौं, ५ असार**

मनसुनजन्य विपद्मा परेर पछिल्लो एक सातामा १७ व्यक्तिको मृत्यु भएको छ।

अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परी जेठ ३० यता १० पुरुष, ४ महिला, २ बालक र १ बालिकाको ज्यान गएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। मृत्यु हुनेमा सिन्धुपाल्चोकका ३, डोटीका ३, सप्तरी, काभ्रे, गोरखा, जुम्ला, अर्घाखाँची, पाल्पा, कास्की, कालिकोट, बाजुरा, बझाङ र प्युठानका १/१ जना रहेका छन्।

यस्तै बाढी, पहिरो र डुबानमा परी १७ जना घाइते भएका छन्। घाइतेमध्ये १० पुरुष, ४ महिला, १ बालक र २ बालिका रहेका छन्। बाढी, पहिरोमा परी अहिलेसम्म २२ बेपत्ता भएका छन् । जसमध्ये १५ पुरुष, ५ महिला र २ बालक छन् । उनीहरूमध्ये सिन्धुपाल्चोकका मात्रै २० र बाजुरामा १ र रूपन्देहीमा १ जना छन् । वेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । बाढी तथा पहिरोमा परेका सिन्धुपाल्चोकमा ९४ सल्यानमा ८, दाङका ४ र कञ्चनपुरका ३ गरी १०९ जनाको उद्दार गरिएको छ। उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण र उद्दारमा सम्बन्धित प्रहरी कार्यालयबाट प्रहरी कर्मचारी उद्धारमा सक्रिय रूपमा संलग्न छन् । बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने, अवरोध सडक हटाउने काम जारी रहेको छ।

## सक्षम नेतृत्व काङ्ग्रेसलाई चाहिएको छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ५ असार**

नेपाली काँङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सङ्कटको सामना गर्न सक्ने नेतृत्व पार्टीलाई चाहिएको बताएका छन्। स्थानीय तह र अस्पताललाई स्वास्थ्य सामग्री वितरण गर्न शनिबारआयोजित कार्यक्रममा उनले सक्षम नेतृत्व काङ्ग्रेसलाई आवश्यक रहेकामा जोड दिए।

"मुलुक दुई ध्रुवमा विभाजित छ, लोकतन्त्र पक्षधर एकजुट भएर अगाडी बढ्नुपर्छ । सहकार्य गर्न आउनेलाई साथमै लिएर लैजान तयार छौ," उनले भने, "हामीसँग कोही मिल्न आउँछन् भने उनीहरूलाई टाढा बनाउन आवश्यक छैन ।" वरिष्ठ नेता



पौडेलले राजनीति अप्ठ्यारो परिस्थितिबाट गुज्रिएको बताए।

सो अवसरमा उनले तनहुँका दश र लमजुङका एक स्थानीय तहलाई करिब रु ३५ लाख बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेका थिए । सबै पालिकालाई एक/एक थान अक्सिजन कन्सन्ट्रेटर सहित फेसशिल्ड, मास्क, पिपिई लगायतका सामग्री हस्तान्तरण रिएको थियो। व्यास, शुक्लागण्डकी, भिमाद, शुक्लागण्डकी नगरपालिका तथा आँबुखैरेनी, देवघाट, बन्दिपुर, म्याग्दे, घिरिङ, ऋषिङ र लमजुङको मध्यनेपाल नगरपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको थियो । साथै तनहुँको दमौली अस्पताल र जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्रका लागि पनि स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ।

जिल्ला समन्वय समितिले संयोजन गरेको कार्यक्रममा ११ अक्सिजन कन्सन्ट्रेटर, फेसमास्क १३ हजार ५०, एन ९५ मास्क एक हजार तीन सय ५०, पिपिई चार सय ४० लगायतका सामग्री हस्तान्तरण गरिएको जानकारी दिइएको थियो।

## बागलुङमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ५० पुग्यो

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ असार**

बडिगाड गाउँपालिका-६ की कोरोना भाइरस सङ्क्रमित २६ वर्षीया महिलाको गएराति उपचारका क्रममा धवलागिरि अस्पतालमा मृत्यु भएको छ।

एन्टिजिन परीक्षणबाट कोरोना पुष्टि भएपछि उनलाई शुक्रबार मात्रै अस्पताल भर्ना गरिएको थियो। अस्पताल आउँदा नै महिलाको अवस्था गम्भीर बनेको र चिकित्सकले हरसम्भव प्रयास गर्दा पनि बचाउन नसकेको स्वास्थ्य कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले बताउनुभयो । योसँगै जिल्लामा कोरोना सङ्क्रमणका कारण ज्यान गुमाउनेको सङ्ख्या ५० पुगेको उनको भनाइ छ।

कोरोना महामारीको पहिलो लहरमा जम्मा ११ जनाको मृत्यु भएकामा गत वैशाखयता शुरु भएको दोस्रो लहरमा ३९ जनाले ज्यान गुमाउनुपरेको छ। जिल्लामा पहिलोपटक विसं २०७६ चैत १५

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विस्थापितलाई पुन:बासको व्यवस्था गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

कास्कीको मादी गाउँपालिकामा केही दिनअघिको बाढी पहिरामा परी विस्थापित घर परिवारलाई पुनःबासको व्यवस्था गर्न माग गरिएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीलाई शनिबार नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) को गाउँ कमिटीले ध्यानाकर्षणपत्र बुझाउँदै विस्थापितको पुनःबास, पीडितको संरक्षण, उद्धार, राहत वितरण तथा मादी नदी नियन्त्रण गर्न तटबन्धको माग गरेको माओवादी केन्द्रका गाउँ कमिटी अध्यक्ष कृष्णराज दाहालले बताए। बाढीबाट मादीमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनामा नोक्सानी पुगेको, विद्युत पोल ढल्दा गाउँहरु बिजुलीबाट वञ्चित रहेको र सडक अवरुद्ध हुँदा सवारी सञ्चालन ठप्प रहेकाले अविलम्ब सडक खुलाउन सरकारको ध्यानाकर्षण गराइएको थियो।

सो अवसरमा मुख्यमन्त्री नेपालीले तत्काल गर्न सकिने काम तुरुन्त शुरु गर्ने र दीर्घकालीन महत्वका कार्यलाई योजनामा समेटिने बताए।

नेपाली काँग्रेसका जिल्ला सभापति कृष्ण केसी र माओवादी केन्द्रका जिल्ला सचिव बखानसिँह गुरुङलगायत दुवै दलका जिल्लास्तरका नेताको उपस्थितिमा मुख्यमन्त्री नेपालीलाई ध्यानाकर्षण गराइएको थियो।

## तत्काल मनसुन कमजोर हुने अवस्था छैन : मौसमविद्

**रासस**
**काठमाडौं, ५ असार**

केही दिनदेखि सक्रिय मनसुन तत्काल कमजोर नहुने मौसमविद्ले बताएका छन्।

यस वर्ष शुरुमै मनसुन सक्रिय भएर भित्रिएकाले तत्काल कमजोर हुने अवस्था नरहेको जल तथा मौसम विज्ञान विभागका मौसमविद् शान्ति कँडेलले जानकारी दिइन। "यस वर्ष मनसुन सक्रिय भएर भित्रिएकाले यो वायुको प्रभाव अझै केही दिन कायम रहने देखिन्छ", मौसमविद् कँडेलले भनिन, "त्यसैले केही दिन वर्षाको सिलसिला निरन्तर जारी रहन सक्छ।" केही दिनपछि भने यो वायुको प्रभाव निस्तेज हुने उनको भनाइ छ।

मनसुन शुरु हुने औसत मितिभन्दा तीन दिनअघि नै यस वर्ष सक्रिय मनसुनले लगातार पानी पारिरहेको छ। विभागका अनुसार, अहिले पनि देशभर आंशिकदेखि सामान्य बदली भइरहेको छभने प्रदेश नं १ र सुदूरपश्चिम प्रदेशलगायत देशका पहाडी भूभागका केही स्थानमा मनसुनी वायुले हल्का पानी पारिरहेको छ।

शनिबार दिउँसो भने देशभर सामान्यदेखि पूर्ण बदली रहने र देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको प्रक्षेपण महाशाखाले गरेको छ।

## पोखराको सेदीबगरदेखि सराङकोटमा अब केवलकारबाट ८ मिनेटमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

पोखराको लेकसाइडको सेदीबगरदेखि सराङकोट डाँडासम्म जानको लागि अब केवलकारबाट ८ मिनेटमै पुगिने भएको छ।

अन्नपूर्ण केलवकार प्रा.लि.ले पोखरामा केवलकार निर्माण कार्य सकेसंगै अब केही समयमै ८ मिनेटमै सेदीबगरदेखि सराङकोट पुग्न सकिने भएको अन्नपूर्ण केवलकारका संचालक निर्देशक मध्यका एक तिर्थराज त्रिपाठीले बताए। नेपालीहरुको हकमा जान र आउनको लागि ६ सय र विदेशको हकमा ८ सय र ज्येष्ठ नागरिक, स्थानिय लगायतका व्यक्तिहरुलाई २० देखि २५ प्रतिशत छुटको व्यबस्था गरिने भएको त्रिपाठीले बताए । कोरोना संक्रमणको अबस्था सामान्य भएसंगै केवलकार परिक्षण गरेर आफुहरुले जति सक्दो छिटो व्यवसायीक रुपमा केवलकार संचालनमा ल्याउने तयारीमा रहेको उनले बताए।

कोरोना कालमै आफुहरुले पोखरामा नयाँ पर्यटकीय गन्तव्यको रुपमा केवलकार निर्माणको कार्य सम्पन्न गरेको निर्देशक त्रिपाठीले जनाए। केवलकारको लागि हाल



१८ वटा गुण्डला (डिब्बा) सहित लठ्ठो(डोरी) समेत टाँगेर तयारी अबस्थामा राखिएको उनले जनाए।

उक्त केवलकारमा एकल र डवल गरी हाल १८ वटा टावर जडान भएको छ । केही दिन अघि केवलकारको लठ्ठो दुई मिनेट चलाएर समेत परिक्षण गरिसकेको त्रिपाठीले बताए। उनले भने "कोरोनाको अबस्था सामान्य भएसंगै हामीले जापानबाट प्राविधिकहरु झिकाएर परिक्षण गर्ने छौं तत्पश्चात हामी अब व्यवसायीक रुपमै जाने तयारी गरेका छौं।"

पोखराका युवा व्यवसायी कालु गुरुङ सहितको टोलीले पोखरामा करिब डेढ बर्षमा निर्माण कार्य सकिने भनि उक्त केवलकारको शिलान्यास गरे पनि ४ बर्ष भन्दा बढी समय लागेको हो। केवलकारको स्टेशन भवनको संरचना बनावटमा परिवर्तन हुनु, जग्गा बिबाद त कहिले प्राविधिक दक्ष कर्मचारी र कहिले वोल्ट हराउने लगायका समस्याले गर्दा निर्माण कार्य ढिलाई हुदा उक्त प्रोजेक्टका लगानी हाल दोब्बरले बृद्धि भएको निर्देशक त्रिपाठीले बताए । केबलकारमा यात्रा गर्दा हिमाल, ताल, हरियो वन जंगल तथा पोखराको मनोरम दृश्यावलोकन गर्न सकिने त्रिपाठीले बताए। प्रति घण्टा १ हजार ५ सय जनालाई सेवा दिन सक्ने क्षेमताको केवलकार निर्माण भएको उनले जनाए। केबलकार निमार्ण भए पछि फेवातालको किनार सेदीबगरबाट ८ देखि ९ मिनेटमै सराङकोट पुग्न सकिने छ । अहिले फेवाताल क्षेत्रबाट सराङकोट जान गाडीबाट करिब ३० देखि ४० मिनेट लाग्छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# भिन्तुना क्लवको नि:शुल्क खाना खुवाउने अभियानमा बतास फाउण्डेसनबाट सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

पोखरा ३ तेर्सापट्टीको भिन्तुना युवा क्लबले पोखराको गण्डकी मेडिकल कलेज (जि.एम.सी.) कोभिड उपचार केन्द्रमा सुरु गरेको निःशुल्क खाना खुवाउन अभियानमा बतास फाउण्डेसनले एक लाख रुपैया सहयोग गरेको छ।

फाउण्डेसनका अध्यक्ष एवं युवा व्यवसायी आनन्दराज बतासले एक लाख रुपैया क्लवलाई निःशुल्क खाना खुवाउने अभियानको लागि सहयोग गरेको क्लवका अध्यक्ष राजन श्रेष्ठले बताए । क्लवले शनिबारसम्म ११ औं दिन बिहान तथा बेलुका जि.एम.सी.मा निशुल्क खाना खुवाउदै आएको क्लवले जनाएको छ । क्लवले



विगत ९ दिन देखि अस्पतालका स्वास्थ्यकर्मी केन्द्रित गरी खाजा समेत वितरण गर्दै आएको अध्यक्ष श्रेष्ठले जनाए । मेक अ चेन्ज नेपालको सहकार्यमा आफुहरुले खानाको साथमा विहान र दिउँसो खाजाको समेत व्यबस्था गरिएको उनले जनाए । अध्यक्ष श्रेष्ठले भने "मन्दिरमा ढुङ्गा र मुर्ति मा भगवान हुन्छन भने अहिलेको महामारीमा भगवान स्वास्थकर्मीको रुपमा हस्पिटलमा भेटिन्छन त्यसैले आफ्नो इच्छा अनुसार दान हस्पिटलको सेवा सुबिधा स्तरोन्तरीका लागि पनि गर्नुपर्छ भन्ने अवधारणाका साथ 'डिजिटल दान' का लागि बार कोड सहित हस्पिटल प्राङ्गणमा राखेका छौं ।"

तेर्सापट्टी बुहारी समुहको सहकार्यमा नेवाः छे भवनमा खाना तयार पारेर विभिन्न दाताको प्राप्त सहयोगबाट दैनिक कुखुराको मासु भात खुवाउदै आएको छ। क्लवले सम्भवत असार ७ गते देखि निःशुल्क खाना खुवाउने अभियान स्थगित गर्ने भएको छ। प्रशासनले खाना खुवाउदा भिडभाड भएको भन्दै खाना खुवाउने अभियान स्थगन गर्न दिएको निर्देशन अनुसार असार ७ गते देखि स्थगित गर्ने भएको क्लवले जनाएको छ।

# मनाङ नासोवासीलाई राहात उपलब्ध गराउन राखेप सदस्य गुरुङ जुट्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

मनाङको नासो गाउँपालिका १ स्थित नासो ताल क्षेत्रका बाढी प्रभावितको लागि पोखरामा राहात संकलन अभियान सुरु भएको छ।

शुक्रबार उक्त क्षेत्रमा व्यक्तिगत खर्चमा हेलिकोप्टर चार्टर गरी केही राहात सामाग्री सहित त्यहाँको बस्तु स्थिती बुझ्न पुगेका राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले नासो बासीको लागि पोखरामा राहात संकलन गर्न सुरु गरेका हुन्। विभिन्न व्यक्ति तथा संघ संस्थाबाट हालसम्म करिब १ लाख २५ हजार मुल्य बराबरको खाद्य सामाग्री उपलब्ध भएको सदस्य गुरुङले बताए। पुर्व शसस्त्र प्रहरी महानिरिक्षक(आईजिपी) स्वा.सहविर थापाको परिवारबाट धर्मपत्नी कल्पना थापा, छोराहरु आसिस थापा, अविसेक थापाबाट ५० हजार मुल्य बराबरको खाद्य सामाग्री उपलब्ध भएको उनले



जनाए । त्यसै गरी पोखराका युवा व्यवसायी दीपक बरालले आफ्ना बाबु सोमनाथ बरालको स्मृतिमा ५० हजार मुल्य बराबरको खाद्य सामाग्री उपलब्ध गराएकाछन भने पोखरा लालीगुराँस निवासी भरत बरालले २५ हजार मुल्य बराबरको खाद्य सामाग्री उपलब्ध गराएको सदस्य गुरुङले जनाए। यसैबिच, नासोतालमा जिल्ला प्रशासन कार्यालय मनाङले केही व्यक्तिलाई उक्त स्थानबाट उद्धार गरेको छ भने केही खाद्य सामाग्री समेत वितरण गरेको मनाङका सहायक प्रमुख जिल्ला अधिकारी शारदा चालिसेले बताइन्। मनाङका धेरै ठाँउमा बाढीको प्रभाव परेकाले व्यबस्थापन गर्न कठिन भएको उनले बताइन्। नासोमा ६२ घर धुरी रहेका छन जस मध्य अधिकांश घर बाढीको डुबानमा परेका हुन्।

# कोभिड प्रभावित दृष्टिविहिन तथा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुका लागि राहत वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

कास्की नेत्रहिन संघको समन्वय तथा विजनेस एण्ड प्रोफेशनल वुमेन क्लव पोखराको सहयोगमा कास्की जिल्लामा बसोबास गर्ने १६५ दृष्टिविहिन तथा अपाङ्गता भएका व्यक्तिका परिवारलाई असार १ गतेदेखि असार ५ गते सम्म राहत वितरण गरिएको छ।

घुम्ती राहत वितरण कार्यक्रममा कास्की नेत्रहिन संघद्वारा कोभिड प्रभावित ति व्यक्तिहरुलाई जनहि एक बोरा चामल, ३ के.जी. दाल, ३ लिटर तेल र २ के.जी. नुनसहितको खाद्यान्न सामग्री वितरण गरिएको हो । सडक गायन, दोहोरी साँझमा कार्यरत, मसाज थेरापिष्ट, धुप, मैनवत्ति लगाएतको घुम्ती व्यवसाय



गरी जिविकोपार्जन गर्दै आइरहेका १२१ दृष्टिविहिन तथा शारिरीक अपाङ्गता भएका व्यक्तिहरुलाई राहत वितरण गरिएको कुरा विजनेस एण्ड प्रोफेशनल वुमेन क्लव पोखरा च्याप्टरका अध्यक्ष हरीमाया शर्मा र सदस्य तथा राहत वितरण कार्यक्रमका संयोजक लक्ष्मी गुरुङले जानकारी गराए।

कोभिड माहामारीका कारण जारी निशेधाज्ञामा आफ्नो दैनिक गुजारा गरी जीवन निर्वाहमा समस्या भएका व्यक्तिहरुको समस्यालाई दृष्टिगत गरि कास्की नेत्रहिन संघले सम्वन्धित परिवारको घरमै पुगि राहत वितरण गरिएको कास्की नेत्रहिन संघका अध्यक्ष श्रीकान्त सापकोटाले बताए।

संघले यसभन्दा अगाडि पनि सुप्रिना फाउन्डेशनको सहयोगमा २० जना र समाजसेवी संगिता पौडेलको सहयोगमा ६ जना दृष्टिसम्बन्धि अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग गरेको वताउदै कोभिडका कारण भोकमरीमा परेका दृष्टिविहिनहरुलाई कास्की नेत्रहिन संघको सम्पर्कमा आउन र सहयोग दाताहरुलाई संस्थामार्फत सहयोग गरी राहत वितरणलाई व्यवस्थित गर्न संघका अध्यक्ष सापकोटाले अनुरोध गरेका छन्।

# आँधीखोला तर्ने क्रममा डुबेर मृत्यु

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ५ असार**

स्याङ्जाको आँधीखोला तर्ने क्रममा डुबेर एक जनाको मृत्यु भएको छ।

पुतलीबजार नगरपालिका ४ निवासी ५१ वर्षिय टेबबहादुर थापा 'मने' को आँधीखोला तर्ने क्रममा डुबेर मृत्यु भएको हो । पुतलीबजार नगरपालिका ४ को ठूलो फुलबारी तर्फबाट गाईनेघाट हुन्दै सानो फुलबारीस्थित लामागे तर्फ जाँदा आँधीखोला तर्ने क्रममा चिप्लिएर लडेका थिए । चिप्लिएर लडेका थापाको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ। मृतक थापा नेपाली काँग्रेस स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. ४ का सह-सभापति कुलबहादुर थापाका छोरा हुन् । थापाको शब पोर्ष्टमार्टमका लागि स्याङ्जा अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।




# खेलकुदलाई घर घरसम्म पुराउनु पर्नेमा वक्ताको जोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ असार**

खेलकुदलाई हरेक घर घरसम्म पुऱ्याउनु पर्ने एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । अन्तर र्ष्ट्रिय ओलम्पिक दिवसको अवसरमा शनिबार पोखरामा आयोजित आर्चरी खेल प्रर्दशनी कार्यक्रममा वोल्ने वक्ताहरुले खेलकुदलाई हरेक घर घरसम्म पुऱ्याउनु पर्नेमा जोड दिएका हुन् ।

नेपाल आर्चरी संघको आयोजना, नेपाल ओलम्पिक कमिटी स्पोर्टस फर अल कमिसन गण्डकीको तत्वाधान तथा गण्डकी प्रदेश खेलकुद परिषदको सहकार्यमा पोखरा रंगशालामा आयोजित समारोहमा वक्ताहरुले खेलकुदलाई जिल्ला, प्रदेश, राष्ट्रिय अन्तराष्ट्रिय हुदै अन्य अन्तराष्ट्रिय देखि ओलम्पीकसम्म सहभागि हुने गरी सम्भावना भएका खेलाडीहरुलाई अवसर दिनु पर्ने बताएका छन् । राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङले खेलकुद विकासमा एक अर्कोमा टिका टिप्पर्ढी गर्नु भन्दा आ–आफ्नो ढंगले काम गर्नुपर्ने बताए । गण्डकी प्रदेशका विना विभागिय मन्त्री एवं पूर्व मन्त्री खेलकुद मन्त्री राजीव गुरुङ (दीपक मनाङे) ले एकतर्फी कसैका कुरा सुनेर आफुहरुलाई व्यक्तिगत रुपमा विभिन्न आरोप लगाउनु निकै दुःख लाग्दो कुरा भएको बताए । उनले भने "अब हाम्रो ध्यान नवौं राष्ट्रिय खेलकुदमा हुनु पर्छ, जसरी हामीले हतार हतारमै १३ औं दक्षिण एशियाली खेलकुद (साग) पोखरामा केही खेलहरु सम्पन्न गर्न सवैको साथ पायौं भोलिको दिनमा पनि उस्तै सहयोगको अपेक्षा गरेका छौं।" गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङले खेलकुदलाई हरेक घर घरमा पुराएसंगै चलायमान बनाउनु पर्ने बताए। खेलकुदमा खेल मात्र नभई खेल संस्कार, अनुसासन हुनुपर्ने उनले बताए । विश्वमा शान्तीको स्थापनाका लागि ओलम्पिक अभियान अपरिहार्य रहेको बताउदै उनले कुनै पनि राष्ट्र र समाजको विकासको मापन समेत खेलकुदले गर्ने दाबी गरे। नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष रहेका उनले सवैलाई खेलकुद विकासका लागि ओलम्पिक अभियानमा एक जुट हुन आव्हान गरे । सो अवसरमा स्पोर्टस् फर अल कमिसन गण्डकीका संयोजक तथा अग्रज खेलाडी खड्ग बहादुर रानाभाटले कुनै पनि देशको पहिचान गराउन खेलकुदले महत्वपूर्ण भुमिका हुने दाबी गरे। खेलाडीहरुको सधै भन्दा ठुलो पर्व र आफ्नो कसी मापन गर्ने अन्तिम बिन्दु ओलम्पिक भएको उनले जनाए । नेपाल आर्चरी संघका वरिष्ठ उपाध्यक्ष बसन्त थकालीको अध्यक्षतामा भएको कार्यक्रममा संघका केन्द्रिय सचिव तथा प्रदेश खेलकुद परिषदका सदस्य गण्डकी योगेन्द्र शेरचन लगायतले वोलेका थिए। सो अवसरमा १३ औं साग तथा आठौं राष्ट्रिय खेलकुदका पदकधारी खेलाडी, ओलम्पिकका लागि वाइल्डकार्डका लागि पोखरामा प्रशिक्षणरत खेलाडीहरुले प्रदर्शन खेल समेत गरेका थिए। वाइल्डकार्डको पर्खाइमा रहेका दुई खेलाडी तिलक पुन मगर र ज्ञानु अवाले, ११ औं सागका स्वर्ण पदक विजेता अशिम शेरचन, राष्ट्रिय खेलाडी द्वय सुमन गुरुङ र करुण बराल, आठौंकी स्वर्ण पदक विजेता अनुश्का शेरचन, १३ औं सागकी पदक विजेता रश्मी दर्लामी, आर्चरी प्रशिक्षक कृष्ण माया स्याङतान र राष्ट्रिय जज सञ्जिवमान तुलाधर रहेका थिए।

कोरोना महामारीका बाबजुत आफुहरुले हाल पोखरामा प्रशिक्षण गर्दै आएको प्रशिक्षक स्याङतानले बताइन् । हाल पेरिसमा भएको ओलम्पिकका लागि वाइल्डकार्ड छनौट खेलमा कोरोना सहित अन्य कारणले सहभागि हुन नपाउदा आफुहरु निकै दुःख लागेको खेलाडी अवाले र मगरले गुनासो गरे।

# बागलुङमा...

मा कोरोना सङ्क्रमणको घटना पुष्टि भएको थियो। त्यसयता चार हजारबढीमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भइसकेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या तीन सय ५० रहेको स्रोत व्यक्ति घिमिरेले जानकारी दिए। पछिल्लो समय सङ्क्रमणको दरमा केही कमी आएको छ।


अस्पतालमा पनि कोरोना सङ्क्रमितको संख्या घट्दै गएको छ। सङ्क्रमण घटेपनि जनस्वास्थ्यका मापदण्ड पालनामा लापरबाही नगर्न चिकित्सकले सुझाउँदै आएका छन्। कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि गत वैशाख २१ गतेदेखि जिल्लामा निषेधाज्ञा जारी छ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान** :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

धर्मको अभावमा मानिस अन्धो हुन्छ ।

– महाकवि लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# राष्ट्रपतिको स्वभाविक चासो

लगातारको वर्षापछि बाढी, पहिरो र मनसुनजन्य विपद्मा परेर पछिल्लो एक सातामा १७ व्यक्तिको मृत्यु भएको छ । मनसुन शुरु भए देखि अत्याउने गरि अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परी जेठ ३० यता १० पुरुष, ४ महिला, २ बालक र १ बालिकाको ज्यान गएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । मृत्यु हुनेमा सिन्धुपाल्चोकका ३, डोटीका ३, सप्तरी, काभ्रे, गोरखा, जुम्ला, अर्घाखाँची, पाल्पा, कास्की, कालिकोट, बाजुरा, बझाङ र प्युठानका १/१ जना रहेका छन् । यस्तै बाढी, पहिरो र डुबानमा परी १७ जना घाइते भएका छन् । घाइतेमध्ये १० पुरुष, ४ महिला, १ बालक र २ बालिका रहेका छन् । बाढी, पहिरोमा परी अहिलेसम्म २२ बेपत्ता भएका छन् । जसमध्ये १५ पुरुष, ५ महिला र २ बालक छन् । उनीहरूमध्ये सिन्धुपाल्चोकका मात्रै २० र बाजुरामा १ र रुपन्देहीमा १ जना छन् । बेपत्ताको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

बाढी तथा पहिरोमा परेका सिन्धुपाल्चोकमा ९४ सल्यानमा ८, दाङका ४ र कञ्चनपुरका ३ गरी १०९ जनाको उद्दार गरिएको छ । उक्त घटनाबाट प्रभावित स्थानमा भएको क्षति न्यूनीकरण र उद्दारमा सम्बन्धित प्रहरी कार्यालयबाट प्रहरी कर्मचारी उद्धारमा सक्रिय रूपमा संलग्न छन् । बाढी पहिरोको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षा गर्ने, अवरोध सडक हटाउने काम जारी रहेको छ । गएको वैशाख यता भने विपद्जन्य घटनामा ७२ जनाको मृत्यु भएको छ भने २४ जना बेपत्ता भएका छन् । ती घटनाबाट ४१ करोड बढीको क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । देशका विभिन्न भागमा बाढी, पहिरो र डुबानका कारण ठूलो मानवीय र भौतिक क्षति भएकोप्रति राष्ट्राध्यक्षको चासो देखिएको छ।राष्ट्रपति विद्यादेवी भण्डारीले बाढी पहिरो र डुबानबाट प्रभावितको खोजी तथा उद्धार, विपद्पश्चात् गरिने राहत, पुनःस्थापना र पुनर्निर्माणका कामका साथै जोखिम न्यूनीकरणका लागि गरिनुपर्ने पूर्वतयारीको काममा सरकारको ध्यानाकर्षण गराएकी छिन ।

मनसुनको शुरुआतसँगै भएको वर्षाका कारण देशका विभिन्न भागमा बाढी पहिरो र डुबानबाट पुग्न गएको क्षति तथा नेपाल सरकारद्वारा भइरहेका विपद् प्रतिकार्यबारे शुक्रबार साँझ गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सुरक्षा निकायका प्रमुखबाट जानकारी लिएकी छन । राष्ट्रपतिले लिएको चासोलाई सक्रिय बन्न खोजेको भन्ने आरोप लगाउन थालिएको छाराष्ट् प्रमुखले देशमा भएका प्राकृतिक प्रकोप र त्यसले पार्ने असरका बारेमा सरकारबाट जानकारी लिनु सुझाव दिनु स्वभाविक हो । विकासका लागि भौतिक संरचना निर्माण गर्दा भूकम्प, बाढी, पहिरो, चट्याङ र डढेलो जस्ता प्राकृतिक जोखिमलाई ध्यान दिनुपर्नेमा राष्ट्रपतिको सुझाव सामयिक छ। यस सन्दर्भमा गृह मन्त्रालयलाई सम्बन्धित अन्य मन्त्रालय र निकायसँग समन्वय गरी कार्य गर्न दिएको सुझावलाई सरकारले मार्गदर्शनका रुपमा लिनुपर्छ । विपद्को समयमा नागरिकको जीउधन सुरक्षा गर्न तथा कठिनाइमा परेका नागरिकका लागि राहत एवं उद्धारका कार्यक्रमलाई प्रभावकारी बनाउनु सरकारको पहिलो कर्तव्य हो ।

गृहमन्त्री खगराज अधिकारी, गृह सचिव महेश्वर न्यौपाने तथा प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले राष्ट्रपति भण्डारी समक्ष शुक्रबार साँझ मनसुनजन्य विपद्का कारण भएको भौतिक तथा मानवीय क्षति प्रभावितहरूको खोजी तथा उद्धार एवं सरकारद्वारा सञ्चालन गरिएका राहत एवं पुनर्स्थापनाका कामहरूको बारेमा जानकारी गराएका थिए । प्रधानसेनापति पूर्णचन्द्र थापा, सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल तथा प्रहरी महानिरीक्षक शैलेश थापा समेत सहभागी रहेको बैठकमा प्रभावितको खोजी तथा उद्धारमा संलग्न सुरक्षाकर्मीको राष्ट्रपतिले सराहना गरेकि थिईन । प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि गृह मन्त्रालयद्वारा विपद् बीमा लागू गर्ने निर्णय लिइएको, नेपाली सेनाको नेतृत्वमा द्रुत हवाई उद्धार भैरहेको, नेपाल प्रहरी र सशस्त्र प्रहरी सहितका निकायको समन्वयमा राहत र उद्धारका कार्य सबै प्रदेशमा सञ्चालन गरिएको जानकारी गराइएको थियो । सरकारलाई समयमै सुझाव दिने,उद्धार र राहतमा खटिनेको अवस्था बुझेर मनोवल बढाउन पनि आवश्यक छ ।

# शहरभन्दा गाउँमा कोरोना संक्रमित बढ्दै

पोखरापत्र संवाददाता
दमौली, ५ असार

कोभिड-१९ को दोस्रो लहरको शुरुआतमा तनहुँका शहरी क्षेत्रमा सङ्क्रमितको सङ्ख्या धेरै थियो । सुरक्षित हुने भन्दै निषेधाज्ञा जारी भएपछि शहरमा बस्नेहरू गाउँ जान शुरु गरे । गाउँ जान र बाहिरन कुनै रोकतोक थिएन ।

गाउँमा पूजापाठ, भोजभतेर पनि निर्बाध चलिरहेका थिए । शहरियालाई आतङ्कित बनाएको कोरोना अहिले गाउँतिर पसेको छ । कतिपय गाउँमा त भुसको आगो फैलिए झैँ कोरोना फैलिएको छ। बरु शहरमा सावधानी अपनाउँदा विस्तारै सङ्क्रमण दर घट्दो देखिन्छ।

गाउँलेकै लापरवाहीले कोरोना फैलिरहेको शुक्लागण्डकी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अजय श्रीवास्तवले बताउनुभयो । "गाउँमा सावधानी नै अपनाइएको छैन । खेतीपाती सँगै गर्छन् । चौतारोमा सँगै बसेर गफिन्छन् । गाउँमा मास्क अनिवार्य पनि छैन, मापदण्डको पालना हुँदैन । एक जना सङ्क्रमितले सयौँलाई फैलाउँछ," श्रीवास्तवले भन्नुभयो । शुक्लागण्डकीमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २५८ पुगेको छ। पछिल्ला सातामा परीक्षण भएका स्वाबको पिसीआर रिपोर्टमा पोजेटिभ हुनेको सङ्ख्या गाउँ र शहर क्षेत्रका बराबरी छ । होम आइसोलेसनले पनि सङ्क्रमण फैलिन बढवा दिएको स्वास्थ्य शाखा प्रमुख श्रीवास्तवको विश्लेषण छ ।

कोरोना नियन्त्रणको जिम्मेवारी स्वास्थ्यकर्मीको मात्रै हो भन्ने गलत बुझाई आम सर्वसाधारणमा रहेको उहाँले दुखेसो गर्नुभयो । "जति दायित्व स्वास्थ्यकर्मीको छ त्यति नै घरपरिवार, नागरिक समाज, टोलको र जनप्रतिनिधिको छ," उहाँले भन्नुभयो । कोरोनालाई नियन्त्रण गर्नलाई सबै पक्ष मिलेर गाउँमा निगरानी बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो । भिमादका गाउँ-गाउँमा कोरोनासँग मिल्दाजुल्दा लक्षण देखिने बिरामी थुप्रै छन् । नगरपालिकाको स्वास्थ्य शाखा गाउँमा पुगेर सर्वसाधारणको एन्टिजेन परीक्षण गरिरहेको छ । पछिल्लो समय भिमादको वडा नं २ को जलौदीमा एकैदिन ७० जनाको एन्टिजेन परीक्षण गर्दा २८ जनालाई पोजेटिभ पुष्टिभयो । डरलाग्दो तरीकाले गाउँघरतिर सङ्क्रमण फैलिएको भिमाद स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत मुनिराज बरालले बताउनुभयो । निषेधाज्ञापछि जोखिमयुक्त ठाउँमा रहेकाहरू हत्तारै गाउँ पसेकाले गाउँघरमा सङ्क्रमणको स्थिति भयावह भएको उहाँको भनाइ छ । उहाँका अनुसार गाउँमा सङ्क्रमण फैलनुको अर्को कारणमा बिहे, व्रतबन्ध र भोजभतेर पर्दछ। गाउँमा फैलिएको कोरोना नियन्त्रणका लागि एन्टिजेन परीक्षणको दायरा बढाएकामा बिरामी परेका परीक्षण गर्न नमानेको उहाँले बताउनुभयो । "सङ्क्रमण भएमा सिटामोल खाने, घरायसी औषधि खाएर दुई/चार दिनमा निको भएका धेरै छन्," उहाँले भन्नुभयो, "सङ्क्रमण भएमा गाउँ समाजले नराम्रो दृष्टिले हेर्ने भएकाले पनि परीक्षण गर्न चाहँदैनन् ।"

जटिल अवस्थामा पुगेपछि मात्रै उपचार खोज्ने प्रवृत्तिले सङ्क्रमण र मृत्युदरमा वृद्धि भएको छ। तनहुँमा हाल ९१४ जना सक्रिय सङ्क्रमित छन् । दोस्रो लहरको कोरोना फैलिएपछि जिल्लामा १७ हजार ३७८ जनाको पिसिआर र एन्टिजेन विधिबाट कोरोना परीक्षण गरिएकामा चार हजार २४३ लाई सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय तनहुँले जनाएके छ । तीमध्ये ९९ जनाको मृत्यु भएको छ भने तीन हजार २३० जनाले कोरोनालाई जित्न सफल भएका छन् । सबैभन्दा धेरै शुक्लागण्डकी नगरपालिकामा सङ्क्रमित छन् । देवघाट गाउँपालिकामा सक्रिय सङ्क्रमितको सङ्ख्या शून्यतर्फ ओरालो झर्दै छ । मृत्यु हुनेको सङ्ख्या शुक्लागण्डकीमा उच्च देखिन्छ।

# मर्स्याङ्दी नदी थुनियो, जोखिम झन् बढ्यो

पोखरापत्र संवाददाता
मनाङ, ५ असार

चामे गाउँपालिका वडा नं ४ र ५ जोड्ने मर्स्याङ्दी नदीमा पहिरो खस्दा पूर्णरूपमा थुनिएको छ। वडा नं ४ र ५ जोड्ने मर्स्याङ्दी नदी थुनिँदा चामेबजार जाने ठूलो पुल जोखिममा रहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "अहिले यहाँ निरन्तर वर्षा भइरहेको छ, चामेबजार जाने ठूलो पुल नजीक पहिरो खस्दा मर्स्याङ्दी नदी थुनिएको छ, नदी थुनिँदा पानीको सतह झन्झन् बढ्दै गएको छ, जोखिम झनै बढेको छ।" चामेको बजार क्षेत्र हुँदै झरेको घट्टेखोलाले ढुङ्गामाटो र काठदाउरा बगाएर ल्याएपछि नदी थुनिएको हो।

माथिबाट झरेको पहिरो ढुङ्गामाटो र काठदाउराले मर्स्याङ्दी नदी थुनिँदा पानी जमेर ठूलो ड्याम बनेको छ । थुनिएको भागबाट मर्स्याङ्दी बगे पनि पानी निरन्तर परिरहेकाले बहाव बढेको छ । यसबाट चामेको पारिपट्टिको भाग डुबानमा छ । सिङ्गो चामेबजार जोखिममा परेको छ । बाढीले चामेबाट माथिल्लो मनाङतर्फ जाने एकमात्र बेलीब्रिजसमेत कटान गरेको छ । नदीमा बाढी बढ्दै गएकाले चामेबजार उच्च जोखिममा परेको छ । प्रजिअ लामिछानेका अनुसार नदीको बहाव बढ्दै गएको र यसले चामेबजार थप जोखिममा परेको छ। उहाँले नेपाली सेनामार्फत बम विस्फोट गराई मर्स्याङ्दी खुलाउने भनिएकामा पानी निरन्तर परिरहेकाले समस्या भएको बताउनुभयो । सुरक्षाका सबै निकायसँग समन्वय गरी अहिले खुलाउने प्रयास भइरहेको उहाँले बताउनुभयो । लगातारको वर्षातले पानीको बहाव बढेकाले जोखिम उच्च रहेको प्रजिअ लामिछानेले बताउनुभयो । त्यही कारण चामे क्षेत्रका स्थानीयवासीलाई सतर्क रहन भनिएको उहाँले जानकारी दिनुभयो।

# बागलुङ बजारमा खानेपानीको हाहाकार

पोखरापत्र संवाददाता
बागलुङ, ५ असार

सरकारले गरेको निषेधाज्ञाले घरमैबसेका बागलुङकानागरिकलाई खानेपानीको अभावले घरबाहिर ल्याउन थालेको छ । अविरल वर्षासँगैको बाढीपहिरोले बजार क्षेत्रभित्र खानेपानीको पाइपमा क्षति पुऱ्याएपछि पाँच दिनयता बागलुङ बजारमा खानेपानी आपूर्ति हुन सकेको छैन।

बागलुङ नगर खानेपानीले आवश्यकताभन्दा कम खानेपानीको आपूर्ति गर्दै आएको सो बजारमा अहिले खानेपानीको हाहाकार नै भएको छ । अहिले खानेपानी आयोजनाको पानी सदरमुकाम ल्याउने पाइपका ठाउँठाउँमा क्षति पुगेको छ । खानेपानीको मर्मतमा प्राविधिक र बागलुङ नगर खानेपानी तथा उपभोक्ता संस्थाका कर्मचारी खटिए पनि हालसम्म पानी आपूर्ति हुन सकेको छैन । खानेपानीको अभावमा बागलुङ बजारका बासिन्दा डोकोमा गाग्री, बोतल तथा जार बोकेर बजार पारीको तित्याङ, गैँडाकोट तथा हाँडेपाखा धाउँदै आएका छन् । खानेपानी आपूर्ति नहुँदा कोरोना कहरमा सरसफाइमा समेत समस्या भएको बजारवासीले गुनासो गर्दै आएका छन् । पाँच दिनदेखि धारामा पानी नआउँदा शौचालय जानसमेत कठिन अवस्था आइसकेको बागलुङ बजारका स्थानीयवासी हरि सुवेदीले जानकारी दिनुभयो । बागलुङ बजारमा रेश खोला मुहान, भुदी खोला मुहान र ढिट्ठेखोला मुहानबाट ल्याइएको पानीका पाइप विभिन्न स्थानमा बाढीपहिरोले क्षति पुऱ्याएको छ। पहिराले पाइप बगाउँदा बजार क्षेत्रभित्र पिउने पानी आपूर्ति हुन सकेको छैन। निरन्तरको प्रयासका बाबजुद रेश खोलाको मसहानको खानेपानी आज बेलुकासम्म बजार ल्याउने प्रयासमा रहेको बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका प्रबन्धक हिमाल शर्माले बताउनुभयो । पहिराकै कारण बागलुङ नगरपालिका-३ सुल्डाँडामा रहेको खानेपानीको रिजर्भ ट्याङ्कीसमेत जोखिममा परेको छ। बागलुङ बजार क्षेत्रभित्र ढिट्ठेखोला मुहान, रेश खोला मुहान र भुदी खोला मुहानबाट पिउनका लागि पानी ल्याइएको छ। अहिले ढिट्ठेखोलाबाट ३.५ लिटर प्रतिसेकेन्ड, रेशबाट १७ लिटर र भुदीबाट २० लिटर पानी दैनिक आउने गरेको छ । सदरमुकाममा प्रतिसेकेन्ड ४० लिटर खानेपानी आपूर्ति गर्दै आए पनि माग भने प्रतिसेकेन्ड ६० लिटर छ।

# भत्किएका सडक पुनर्निर्माण गर्नेः विस्थापित परिवारलाई घर फर्काइने

पोखरापत्र संवाददाता
बागलुङ, ५ असार

बागलुङ नगरपालिकाको विपद् व्यवस्थापन समितिले बाढी पहिरोले भत्किएका र भासिन थालेका ग्रामीण सडकसहितका संरचना पुनर्निर्माण गर्ने भएको छ ।

समितिकी अध्यक्ष लक्ष्मी बोहोराको अध्यक्षतामा शुक्रबार बसेको बैठकले भत्किएका र भासिन थालेका ग्रामीण सडकसहितका पूर्वाधार क्षतिको विवरण सङ्कलन गरेर प्राथमिकताका आधारमा पुनर्निर्माण गर्ने निर्णय गरेको समितिका सदस्य नारायण शर्मा पौडेलले बताउनुभयो । प्रत्येक वडाध्यक्षको अध्यक्षतामा रहेको विपद् व्यवस्थापन समितिको निगरानीमा उपभोक्ता समितिमार्फत भत्किएका र भासिन थालेका पूर्वाधारहरू बनाउने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो।

झण्डै एक साताको लगातारको वर्षाका कारण आएको बाढीपहिरोले बागलुङका अधिकांश ग्रामीण सडक, मालढुङ्गा कुश्मीसेरा सडक, कालीगण्डकी करिडोर, सिगाना, तित्याङ, भकुण्डे र रायडाँडासम्म पुग्ने अधिकांश सडक अवरुद्ध भएका छन्। सडक अवरुद्ध भएपछि ग्रामीण क्षेत्रबाट ढुवानी हुने दूध, खाद्यान्न, तरकारी र अत्यावश्यक सेवा पनि रोकिएका छन् । मालढुङ्गास्थित काठेखोला पुल भत्किएपछि पैदलयात्रा समेत रोकिएको छ । ठेक्का प्रक्रियामा जाँदा ढिलो हुने भएकाले भएकाले उपभोक्ता समितिमार्फत मर्मतसम्भारको काम गराउने निर्णय भएको समितिका अर्का सदस्य जीवन आचार्यले जानकारी दिनुभयो।

बैठकले पहिलो प्राथमिकतामा ग्रामीण सडक मर्मतको एजेण्डा राखेको छ । घरगोठ भत्केर विस्थापित भएका परिवारलाई पनि प्राथमिकतामा राखेर पुनर्स्थापना गर्ने योजना छ । ती सबै कामका लागि वडा तहको विपद् व्यवस्थापन समितिमा रहेको बजेट खर्च गरिने निर्णय भएको बताइएको छ । यस कार्यका लागि नगरपालिकाले पनि आवश्यक बजेट विनियोजन गर्ने र अन्य श्रोतको समेत खोजी भइरहेको छ । "वैशाखदेखि असारसम्म खर्च हुन नसकेका बजेटलाई समेत विपद् व्यवस्थापनमा खर्च गर्ने गरी रकमान्तर गर्न सकिन्छ", सदस्य आचार्यले भन्नुभयो, "यसतर्फ आवश्यक गृहकार्य भइरहेको छ।"

जिल्लाका अन्य पालिकाले पनि अवरुद्ध सडक सञ्चालनमा ल्याउने प्रयास थालेका छन् । उपभोक्ता समितिको सक्रियतामा सडक मर्मतका लागि केही स्थानमा पालिकाबाट रकम जुटाइएको छ भने कतिपय स्थानमा श्रमदानमा काम भइरहेको छ । बडिगाड गाउँपालिकाले जलजला, दर्लिङ र रणसिंकिटेनी जाने सडकलाई मर्मतसम्भार गरेर सञ्चालनमा ल्याउने काम थालेको वडाध्यक्ष मेहरसिंह पाइजाले बताउनुभयो । ढोरपाटन नगरपालिका–६ का उपभोक्ताले पनि श्रमदानमार्फत सडक मर्मतको काम थालेको वडाध्यक्ष लक्ष्मण पुनले जानकारी दिनुभयो।

# एसियन महिला भलिबल च्याम्पियनसिपमा १२ देशले खेल्ने

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

एसियन महिला भलिबल च्याम्पियनसिपमा १२ देशले खेल्ने भएका छन् । आगामी भदौमा फिलिपिन्समा आयोजना हुने सो च्याम्पियनसिपमा नेपालसहित १२ देशले सहभागिता जनाउने पक्का भएको एसियाली भलिबल महाङ्घले जनाएको छ।

कोरोना भाइरसको महामारीका कारण चीन, श्रीलङ्का, भियतनाम, इन्डोनेसिया र न्यूजिल्याण्डले प्रतियोगिताबाट नाम फिर्ता लिएका छन् । सुरुआतमा सो प्रतियोगिता चीनमा आयोजना गरिने तय भएको थियो । पछि कोरोनाका कारण चीनले प्रतियोगिता आयोजना गर्न अस्वीकार गरेपछि फिलिपिन्समा गर्ने निधो भएको हो । एसियन च्याम्पियनसिपमा नेपालसहित भारत, थाइल्याण्ड, फिलिपिन्स, जापान, दक्षिण कोरिया, कजाकिस्तान, उज्बेकिस्तान, चाइनिज ताइपेई, इरान, अस्ट्रेलिया र हङकङले प्रतिस्पर्धा गर्ने छन् ।

# नदी नियन्त्रणमा 'कम्पोजिट' पर्खाल प्रभावकारी

–सन्तोष गौतम
म्याग्दी, ५ असार

म्याग्दीको सदरमुकाम बेनी बजार संरक्षणका लागि प्रयोग भएको कम्पोजिट प्रविधिको पर्खाल प्रभावकारी बनेको छ ।

बेनी बजारलाई कालीगण्डकी र म्याग्दी नदीको कटानबाट बचाउन रुपाताल संरक्षण एकिकृत विकास परियोजनाले चालु आर्थिक वर्षदेखि कम्पोजिट प्रविधिको पर्खाल निर्माण गर्न थालेको थियो । यसअघि नदी किनारमा ढलान, ग्याबीयन र मेसिनरी पर्खाल निर्माण गरिदै आएको थियो ।

बेनी नगरपालिका–८ का वडा अध्यक्ष रामकृष्ण बराइलीले जगमा आरसिसी र माथि मेसिनरी अथवा ग्याबीयन पर्खाल लगाउने कम्पोजिट पर्खाल सफल देखिएको बताउनुभयो । "यस्तो पर्खाल लगाएको ठाउँमा बाढीले क्षति पुऱ्याएको छैन," उहाँले भन्नुभयो "आगामी वर्षको योजनामा पनि यो खालको पर्खाललाई निरन्तरता दिने सोच छ।"

यस वर्ष मङ्गलाघाट र कालीपुल क्षेत्रमा एक सय मिटर भन्दा बढी उक्त पर्खाल निर्माण भएको थियो । विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा आर सिसी, मेसिनरी र ग्याबीयन पर्खाल बनाएर नदी नियन्त्रण गर्ने प्रस्ताव गरिएको थियो । खोलाको सतहदेखि दुई मिटर तलसम्म जग खनेर चार मिटर चौडाइको आर सिसी गरेको पर्खाल बनाइएको परियोजनाका इन्जिनियर कृष्ण विश्वकर्माले बताउनुभयो।

मङ्गलाघाटतर्फ आरसिसी पर्खाल माथि साढे तीन मिटर अग्लो मेसिनरी र कालीपुल क्षेत्रमा साढे तीन मिटरकै अग्लो ग्याबीयन पर्खाल लगाइएको छ । कालीगण्डकीमा मङ्गलबार राति आएको बाढीले बेनीको सङ्गमचोक पछाडि र कालीपुल बसपार्क क्षेत्रमा यसअघि निर्माण भएको करिब ३० मिटर ग्याबीयन पर्खाल लडाएर कटान गर्न थालेको छ। विसं २०७५ भदौमा कालीगण्डकीमा आएको बाढीले मङ्गलबार भत्किएको भन्दा माथि निर्माण भएको पक्कि पर्खाल पल्टाएको थियो।

कम्पोजिट पर्खाल निर्माण भएको ठाउँमा बाढीले क्षति पुऱ्याएको छैन् । अस्थाइ प्रकृतिको ग्याबीयन र पक्कि आरसिसी पर्खाल दुबैले बाढी थेग्न नसकेपछि विकल्पमा उक्त पर्खाललाई प्राथमिकता दिएको परियोजनाका इन्जिनियर विश्वकर्मले बताउनुभयो।

यसअघि निर्माण भएको पक्कि आरसिसी पर्खाल बाढीले लडाएपछि त्यसको विकल्प खोजीएको थियो । परियोजनाले यस वर्ष म्याग्दी बेनी तर्फ रु. तीन करोड र पर्वत बेनीतर्फ रु. दुई करोड बराबरको नदी नियन्त्रणको काम गरेको छ।

जलजला गाउँपालिका ३ मा पर्ने गुफाटोल क्षेत्रमा ४५ मिटर लामो र ६ मिटर अग्लो पक्की पर्खाल निर्माण भएको छ। वारिबेनी र बगरफाँट स्थित कालीगण्डकी किनारमा थप ग्याबीयन पर्खाल निर्माण भएको छ।

म्याग्दी बेनी तर्फ पनि यसअघि निर्माण भएको पर्खाल संरक्षणका लागि थप पर्खाल लगाइएको छ । उर्जा, सिँचाई तथा जलस्रोत मन्त्रालयको जोखिमयुक्त जिल्ला सदरमुकाम बचावट कार्यक्रम अन्तरगत परियोजनाले बेनीमा तीन वर्षयता नदी नियन्त्रण आयोजना सञ्चालन गर्दै आएको छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाव | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# वालिङ नगरको नीति तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रलाई प्रथमिकता

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ५ असार**



स्मार्ट नगरको अवधारणामा अगाडि बढ्दै गरेको वालिङ नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । 'कृषि, उद्योग, ब्यापार, पर्यटन, उर्जा, सूचना प्रणाली र पूर्वाधार-स्मार्ट सिटी वालिङ निर्माणका आधार' भन्ने मुलमुन्त्र रहेको वालिङ नगरपालिकाले आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो ।

आगामी आर्थिक वर्षका लागि बजेटका उद्देश्य तथा प्राथमिकताहरुमा कोरोना भाईरसको रोकथाम, नियन्त्रण उपचारको प्रभावकारी ब्यवस्थापन गर्ने सबैको जीवन रक्षा गर्दै जनजीवनलाई सुरक्षित र सहज बनाउने, स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको अधिक उपयोग तथा उपलब्धताको उच्चतम परिचालन गरी विकासको गतिलाई तीव्र बनाउने, आर्थिक सामाजिक, भौतिक पूर्वाधार क्षेत्रको विकासमा जोड दिने, विकास, सुशासन र समृद्धि हासिल गर्न संघीय सरकार प्रदेश सरकार र अन्तर पालिकाको साथै छिमेकी स्थानीय तहहरुसँगको सम्बन्ध बलियो बनाउने रहेको छ ।

नगरपालिकाको नीति कार्यक्रम तथा बजेटमा विशेष गरी स्वास्थ्य, शिक्षा, कृषि र रोजगारीलाई प्राथमिकताकासाथ प्रस्तुत गरिएको छ । नगरप्रमुख दिलीपप्रताप खाँणले स्वास्थ्य, शिक्षा र पूर्वाधार लगायत सामाजिक तथा समावेशी विकासमार्फत समृद्ध नगर निर्माण गर्ने, अहिलेको विषम परिस्थितिमा कोभिड १९ विरुद्ध लाग्नका लागि स्वास्थ्यलाई प्राथमिकतामा राखेर शिक्षा, कृषि, रोजगारीसँगसँगै अन्य क्षेत्रको विकास गरी आत्मनिर्भर नगरपालिकाको दिशामा अग्रसर हुने, नगरबाट प्रदान गरिने सेवा प्रवाहको गुणस्तर बढाइ नगर सरकारको अनुभूतिसहित सुशासनको प्रत्याभूति दिन नगरको बजेट केन्द्रित रहने बताए ।

बजेटका उद्देश्य हासिल गर्न र बजेटका प्राथमिकता कार्यान्वयन गर्न सङ्घीय सरकार, प्रदेशसँग एकता, समन्वय र साझेदारी गरी निजी क्षेत्र, नागरिक समाज, राजनीतिक दल संघ संस्थासँग सहकार्य गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइने नगर प्रमुख खाँणले बताए । नगरपालिकाले पहिलो प्राथमिकतामा स्वास्थ्यलाई राखेको छ । नगरपालिकाले आगामी आर्थिक वर्षका लागि अगाडि सारेको स्वास्थ्यसम्बन्धी नीतिहरुमा सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई पारदर्शी र थप ब्यवस्थित बनाउने, राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरुलाई निशुल्क उपलब्ध गराउने, मासिकरुपमा प्रत्येक वडामा चिकित्सकहरुको ब्यवस्थासहित नागरिकको स्वास्थ्य परीक्षण गर्ने, नगरपालिकाभित्र विशेषज्ञ सेवासहितको ५० शैयाको अस्पताल जतिसक्दो छिटो निर्माण गर्ने, नगरबासीलाई स्वास्थ्य बीमामा समेट्ने, शिक्षण अस्पतालको पूर्वाधार निर्माण कार्यलाई अगाडि बढाउने, सबै वडा केन्द्र, स्वास्थ्य संस्थामा कम्तिमा एक/एक वटा एम्बुलेन्सको ब्यवस्था गर्ने, गह्रौं प्राथमिक अस्पतालबाट मोबाईल हाईवे, टेलि सर्भिस, सर्भिस कार्ड लागू गर्ने, नगरभित्र पाठेघरको क्यान्सरको पहिचान तथा मिर्गौला परीक्षणको दायरा फराकिलो बनाई समयमै रोग पहिचान गरी रुग्णता दर र मृत्युदर कम गर्ने, नगरबासीलाई स्वास्थ्य बीमाको दायराभित्र समेटिने, विपन्न नागरिकलाई नगरबाटै बीमा गर्ने ब्यवस्था मिलाउने, बन्दाबन्दी तथा कोभिड १९ का कारणले रोजगारी गुमाएका ब्यक्तिहरुलाई लक्षित गरी राहत उपलब्ध गराउने, बर्थिङ सेन्टरहरुको विस्तार गर्ने लगायतका महत्वपूर्ण नीति तथा कार्यक्रमहरु रहेका छन् ।

त्यस्तैगरी नगरभित्रका सबै विद्यालयलाई एकै प्रकारको रङ रोगन लगाउने, एकै प्रकारको स्थानीय पाठ्यक्रम लागू गर्ने, आवश्यकता अनुसार विद्यालय समायोजन गर्ने, प्रत्येक वडामा एउटा माध्यमिक विद्यालयलाई नमूना विद्यालय र ईनोभेशन सेन्टर खोल्दै लैजाने, अंग्रेजी माध्यममा सञ्चालन गर्न प्रोत्साहन गर्ने, सामुदायिक विद्यालयको समग्र ब्यवस्थापन सुधारका लागि बायोमेट्रिक हाजिरीको ब्यवस्था गर्ने, विद्यालयलाई बालमैत्री र फरक क्षमता मैत्री बनाउने, सबै माध्यमिक तहमा सेनेटरी प्याडको प्रयोगलाई ब्यवस्थित बनाउन अटोमेटिक सेनिटरी प्याड मेसिन जडान गर्ने ब्यवस्था मिलाउने, स्मार्ट क्लब गठन गरी स्मार्ट सर्भिसका बारेमा जानकारी गराउने, कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई दिवा खाजाको ब्यवस्था मिलाउने, विद्यालयहरुमा स्कूल नर्स कार्यक्रम सञ्चालन गर्ने, विद्यालयमा योग शिक्षाको विस्तारका लागि शिक्षकलाई तालीम दिने शिक्षा सम्बन्धी नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

नगरका १४ वटै वडाका प्रत्येक एक गाउँलाई प्राविधिक तालिम उपलब्ध गराई एक गाउँ एक उत्पादन कार्यक्रम, एक घर एक रोजगारी सिर्जना गर्ने, एक घर एक टनेल कार्यक्रम, कृषिलाई ब्यवसायीकरण गर्ने, हाईटेक नर्सरी तथा पोर्टेबल शीतभण्डार स्थापना, टनेल तथा सरल थोपा सिञ्चाई जस्ता प्रविधिको विस्तार गर्ने, उत्पादनमूलक कार्यक्रममा सबैको सहभागिता र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने, पशुपंक्षी र कृषिमा आत्मनिर्भर बनाईने, कृषिमा सहुलियतपूर्ण ब्याजदरको सुविधालाई नगरपालिका जमानत बसी ऋण उपलब्ध गराउने, उत्कृष्ट तथा नमूना किसानहरुलाई अनुदान दिने, बीउ पूँजीलाई यसवर्ष पनि निरन्तरता दिईने, पशु तथा कृषि बीमा सञ्चालन गरिने, स्थानीय बीउ संरक्षण र विकास गर्ने, उपयुक्त वडा छनौट गरी एक घर एक घार नीति अवलम्वन गर्ने, ब्यवस्थित बधशाला निर्माण गर्ने, फलफूल तथा तरकारी प्रशोधन केन्द्र स्थापना गर्ने, आँधीखोलाको किनार क्षेत्रका बगरमा बेतबाँस, खरबुजा, बयर खेतीलाई प्रोत्साहन गर्ने, बालीनालीमा देखिएको बाँदरको आतंकलाई न्यूनिकरण गर्दै मिसन कागती कार्यक्र तथा तेजपत्ता र हाडे ओखरको खेतीमा जोड दिने लगायतका नीति तथा कार्यक्रम कृषि तथा पशुविकास सम्बन्धी नीतिमा समावेश गरिएको छ ।

वालिङ नगरभित्रका पर्यटकीय संभावना बोकेका क्षेत्रहरुको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने, आवश्यक पूर्वाधारहरु निर्माण गर्ने, होमस्टेमा गएर खाने बानीको विकास गर्नका लागि विशेष छुट दिने ब्यवस्था मिलाउने, विभिन्न जातजाती, भेषभूषाको संरक्षण, बाजागाजाको संरक्षण गर्ने, पर्यटकीय सूचना केन्द्र स्थापना गर्ने पर्यटन सम्बन्धी नीतिमा समावेश गरिएको छ ।

उद्योग स्थापना, घरेलु तथा साना उद्योगहरुको विकास तथा प्रवर्द्धन, औद्योगिक क्षेत्र विस्तार, सार्वजनिक निजी साझेदारीमा केवलकार, पार्क, सडक, उद्योगहरु स्थापना गर्ने, उद्योगलाई आकर्षित गर्नका लागि कर छुटको ब्यवस्था मिलाउने, सहुलियत दिने, वालिङ मार्ट र होल्डिङ कम्पनी स्थापना गरी थप ब्यवस्थित गरिने नीति छ । प्रत्येक वडामा एउटा नमूना सहकारी स्थापना र सञ्चालन गर्ने, उद्यम सहकारी तथा कृषि सहकारी स्थापना गर्ने, भिन्न क्षमता भएका जेष्ठ नागरिक र जोखिममा परेका नागरिकका लागि सुरक्षित सेल्टरको ब्यवस्था गर्ने, नगरबासीलाई शुद्ध, भरपर्दो र गुणस्तरीय खानेपानीको सेवाका लागि एक घर एक धारा नीति सबै वडाहरुमा विस्तार गर्ने, मुख्य बजार क्षेत्रमा ढलको ब्यवस्थापनलाई प्रभावकारीरुपमा अगाडि बढाउने, लोपोन्मुख जातीहरु माझी, कुमाल, दलितहरुका साथै विपन्न वर्गहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने, १४ वटै वडामा रहेका खरका छाना भएका घरहरुलाई विस्थापित गरी जस्तापाता लगाउने कार्यलाई निरन्तरता दिने, नगरभित्रका सबै कच्ची सडकहरुमा बाह्रै महिना निर्वाधरुपमा सडक सञ्चालन गर्ने, सिद्धार्थ राजमार्गलाई विस्तार गर्ने र सडकको क्षेत्राधिकार भित्रका घर टहराहरु हटाउने र दुर्घटनामुक्त क्षेत्रको रुपमा विकास गर्ने, डेडिकेटेट लेनको विकास गर्ने, वसपार्क निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने, सडकहरु स्तरोन्नति तथा कालोपत्रे गर्ने, सडकको छेउछाउमा बोटहरु लगाएर हरित शहरकोरुपमा विकास गर्ने, टेम्पोलाई ब्यवस्थित गर्ने, नयाँ बजार र नयाँ बस्ती विकासका लागि योजनाबद्ध विकास गर्ने, बायटारी देखि छाङ्छाङ् दीसम्म आँधीखोला करिडोर सम्पन्न गर्ने, वालिङ-ग्रहौंसुर-बाहुनथान केवलकारको संभाब्यता अध्ययन गर्ने नीति तथा कार्यक्रम रहेको छ ।

त्यस्तैगरी वालिङ नगरभित्रका १४ वटै वडाका घरहरुमा पिङ्क कलर अनिवार्य गर्ने, सुर्कौदीमा ब्यवस्थित शहर विकास गर्ने, एक घर दुई रुख तथा एक घर एक गमला अभियान सञ्चालनलाई प्रभावकारी बनाउने जस्ता नीति तथा कार्यक्रमहरु समावेश गरिएको छ ।

नगरभित्र प्लाष्टिकको फोहोरलाई निरुत्साहित गर्ने, नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगर बनाउने, विपद ब्यवस्थापनका लागि अस्थायी सेल्टर तथा उद्धार गर्न सहजताका लागि आवश्यक तयारी गर्ने, जडिबुटीहरुको उत्पादन र बजारीकरणमा विशेष जोड दिने, फोहोरलाई आधुनिक प्रविधिबाट प्रयोग गरी स्रोतकारुपमा विकास गर्ने, दिसाजन्य लेदो ब्यवस्थापनलाई थप ब्यवस्थित र सुरक्षित तरिकाले स्रोतकोरुपमा विकास गर्ने, सम्भव भएसम्म नजिकका स्थानीय सरकारहरुसँग सहकार्य गरी बारुणयन्त्र सञ्चालन गर्ने, जननिर्वाचित जनप्रतिनिधिहरुका लागि आचारसंहिता बनाई लागू गर्ने, खेल क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरु निर्माण गर्ने, खेल प्रतिष्ठान बनाउने, मेयर कप खेलकुदलाई नियमित गर्ने, प्रत्येक वडामा खेल मैदान स्थापना गर्ने, वडा र नगरका विभिन्न स्थानहरुलाई फ्री वाईफाई जोन बनाउने, मोबाईल एपमार्फत घर घर बाटै सेवा लिने कार्यलाई निरन्तरता दिने रहेको छ । त्यस्तैगरी आन्तरिक आयमा सबल बनाउन राजश्वमा सुधार गरी सहज, सरल र दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने, आन्तरिक आय बृद्धि गर्नका लागि राजश्वका करका विभिन्न क्षेत्रहरुको पहिचान गर्ने, गुनासो ब्यवस्थापनलाई प्रभावकारी बनाउने, भ्रष्टाचार अन्त्यका लागि गेटवे मार्फत भुक्तानीको ब्यवस्था मिलाउने, न्यायिक समितिलाई ब्यवस्थित र सर्वसाधारणको पहुँमा पुऱ्याउनेलगायतका नीति तथा कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

शुक्रबार सार्वजनिक गरिएको नीति तथा कार्यक्रमलाई असार १० गते बस्ने नगर सभाबाट अनुमोदन भएपछि मात्रै लागू गर्ने नगर प्रमुख खाँणले बताए । कोभिडको महामारीका कारण नीति तथा कार्यक्रम बनाउनका लागि हामीले विभिन्न माध्यमबाट नागरिकहरु तथा धेरै समूहहरुसँग सल्लाह सुझावहरु माग गरेका थियौं नगर प्रमुख खाँणले भने, "यो नीति तथा कार्यक्रम हाम्रो मात्रै नभई, सर्वपक्षीय र सर्वदलीय पनि हो, नीति तथा कार्यक्रम सार्वजनिकीकरणसँगै नगरपालिकाको वेबसाईटमा राखेका छौं, अध्ययन गरेर आवश्यक सल्लाह तथा सुझावहरु दिन पनि नगरबासीसमक्ष अनुरोध गर्दछु ।" नगरपालिकाले निर्माण गरेको नीति तथा कार्यक्रमलाई जति नागरिकको पहुँचमा पुऱ्याउन सक्यो त्यति नै अपनत्व बढेर जाने नगर प्रमुख खाँणले बताए ।

# हेलिकप्टर चार्टर गरेर सुरक्षित स्थानमा जाँदै मनाङबासी

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ असार**

मनाङका स्थानीय हेलिकप्टर चार्टर गरेर सुरक्षित स्थानमा जान थालेका छन् । यही असार १ गतेदेखि परेको अविरल वर्षासँगै आएको बाढी पहिराले गाउँमा सुरक्षित नभएपछि सुरक्षित स्थानमा हिँडेका हुन् ।

हालसम्म पनि वर्षा र जोखिम कायम रहेपछि मनाङेहरू लमजुङ, काठमाडौँ, पोखरातर्फ आउन थालेका हुन् । नासो गाउँपालिका-८ ताचे ओडारका ३५ वर्षीय विष्णु घले, ३२ वर्षीय चन्द्रकाशी गुरुङ, ३१ वर्षीय सञ्जय गुरुङ, १४ वर्षीय सविना गुरुङ र सोही हेलिकप्टरमा गोरखा सिरनचोकका २२ वर्षीय पुकार गुरुङ शनिबार मनाङबाट हेलिकप्टर रिजर्भ गरेर लमजुङ आइपुगेका छन् ।

पुकार गुरुङ भने गत जेठ २६ गते मनाङ ताचे घुम्न गएको र पहिराका कारण रोकिएर बसेका थिए । विष्णु घलेले भन्नुभयो, "मनाङ ताचेबाट हेलिकप्टरमा हामीले प्रतिव्यक्ति रु २० हजारका दरले तिरेर बेँसीशहर आएका हौँ । यसरी आउनु हाम्रो रहर होइन बाध्यता भएको उहाँको भनाइ छ । घलेले भन्नुभयो, "गाउँभन्दा तल नै सुरक्षित छ, मनाङका गाउँहरूमा वारिपारि पहिरो अझै पनि गइरहेको छ । गाउँमा बिजुली लाइन छैन, वाइफाई छैन, बाटो छैन, मोबाइलमा चार्ज गर्न पाएको छैन यतिबेला त्यहाँ धेरै समस्या रहेको उनीहरूको भनाइ छ ।" हामीमध्ये लमजुङमा कोही शिक्षक कोही विद्यार्थी रहेको र सोका लागि पनि आएको चन्द्रकाशी गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "हिँडेर आउनलाई बाटो छैन, जोखिम बढी छ, नआऔँ भने यता काम पनि गर्न पाइँदैन । यसरी आउने हामी मात्र होइन गाउँका अन्य स्थानीयपवासी पनि हेलिकप्टरबाट लमजुङ काठमाडौँ जान थालेको उनीहरूको भनाइ छ । मनाङ घर भए पनि रोजगारीलगायत विभिन्न कामले जिल्लाबाहिर बस्नेहरू यतिबेला काठमाडौँ, लमजुङ हेलिकप्टरबाट जाने क्रम जारी रहेको विष्णु घलेले बताउनुभयो । उहाँले भन्नुभयो, "यसरी जाँदा त्यहाँभन्दा तल नै सुरक्षित हुन्छ, आफ्नो काम पनि गर्न पाउँछन् । गाउँमा हुँदा अब मर्छौँ होला, हाम्रो गाउँ वरिपरि पहिरो गएको छ, पानी रोकिएको छैन, गाउँबाट कतै जानलाई पनि बाटोसमेत सबै भत्किसकेकाले डरमा थियौँ तर अब भने बाँचिन्छ खुशी लाग्यो ।"

मनाङमा जोखिम अझै पनि कायम रहेकाले आफू खुशी र पैसा भएकाहरूले निजी हेलिकप्टरमार्फत पनि जिल्ला बाहिरका विभिन्न ठाउँमा गइरहेको मनाङका प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । आज पनि वर्षा भएकाले मर्स्याङ्दी नदीमा पानीको बहाव बढेर चामेबाट माथिल्लो मनाङ जाने पुलसमेत उच्च जोखिम बनाएको उहाँको भनाइ छ । हेलिकप्टर लमजुङ हुँदै मनाङ आवतजावत गरिरहेको छ । यसरी आवजावत गर्दा यहाँका स्थानीयवासीको समेत सोतर्फ ध्यान केन्द्रित हुने गरेको छ ।

# नासो गाउँपालिकाका भौतिक संरचनामा ठूलो क्षति

**पोखरापत्र संवाददाता**
**मनाङ, ५ असार**

गत मङ्गलबार मर्स्याङ्दी नदीमा आएको बाढीले मनाङको नासो गाउँपालिकाको भौतिक संरचनामा ठूलो क्षति पुऱ्याएको छ । पालिकाको वडा नं २ बाहेक सबै वडाहरूमा बाढीले ठूलो क्षति पुऱ्याएको हो । नासो गाउँपालिकाका अध्यक्ष चन्द्र घलेका अनुसार १, ३, ४, ५, ६, ७ र ८ वडा पूर्णरूपमा बाढीपहिराबाट क्षति भएका छन् ।

नासो गाउँपालिका-३ धारापानीमा बाढीले पुल र भवनहरू बगाएको छ । गाउँपालिकाका अध्यक्ष घलेका अनुसार ताचै जाने बेलिब्रिज, थोंचे-तिल्चेतिर जाने झोलुङ्गे पुल, नासो गाउँपालिकाको कार्यालय, सीमा प्रहरी चौकी बगेका छन् । यस्तै, प्रभु बैंक र प्राइम कमर्सियल बैंकका भवन, वडा नं ५ को कार्यालय, थोंचे स्वास्थ्य चौकी, लघु जलविद्युत् आयोजनाका साथै धारापानीका पाँचवटा होटेल बगेका छन् । वडा नं १, ताल गाउँको बस्ती डुबानमा परेको छ ।

मर्स्याङ्दीमा उर्लिएको बाढीले भानु माविसहित ताल गाउँको बस्ती डुबानमा परेको नासो गाउँपालिकाका उपाध्यक्ष कमलमाया गुरुङले बताउनु भएको छ । करीब ५६ घरधुरी रहेको उक्त गाउँका बासिन्दा पहरामुनि गएर बसेको र केही लमजुङ सीमा क्षेत्र म्यार्दीभिरतर्फ गएको उपाध्यक्ष गुरुङले बताउनुभयो । बाढीले विस्थापित धारापानीका स्थानीय बासिन्दा नजीकैको ओडार गाउँमा गएर बसेका छन् । यहाँ अहिले बिजुली र सञ्चार क्षेत्र अवरुद्ध छ भने खाद्यान्नको अभावसमेत भएको छ । गाउँपालिकामा बाढीपहिराले अहिलेसम्म के कति क्षति पुऱ्याएको छ भन्ने तथ्याङ्क सङ्कलन भइनसकेको अध्यक्ष घलेले बताउनु भएको छ ।

# हाँस बिक्री नहुँदा चिन्ता

**पोखरापत्र संवाददाता**
**तनहुँ, ५ असार**

बिक्रीका लागि तयारी अवस्थामा पुगेको हाँस बन्दाबन्दीका कारण बिक्री नहुँदा यहाँका हाँस व्यवसायीलाई चिन्तित बनाएको छ । व्यासनगरपालिका-१३ निवासी इश्वराज पन्थले पाल्नु भएको स्थानीय हाँस आफ्नो फार्ममा अझै बिक्री नभएर फार्ममा रहँदा उहाँलाई चिन्ताले पिरलेको छ । उहाँको फार्ममा करिब रु.एक करोड बीस लाख बराबरको हाँस बिक्री हुन नसकेर रहेको छ ।

शुरुमा दश हजार हाँस राख्नुभएका उहाँकोमा अहिले करिब सात हजार हाराहारी हाँस छन् । निषेधाज्ञा नखुल्दा दैनिक रु.५० हजार बढीको दाना खुवाएर पाल्नुपर्ने बाध्यता छ । पटक पटक निषेधाज्ञाको अवधि थपिदै जाँदा हाँसलाई दाना खुवाउन समेत धौ धौ भएको छ । उहाँले भन्नुभयो, "अघाउने गरी दाना दिने हो भने दिनमै सवा लाखको दाना खाइदिन्छ, त्यसैले जेनतेन तरिकाले पाल्नुपरेको छ ।" दोस्रो भेरियन्ट सहितको कोभिड-१९ बाट सुरक्षित हुन जिल्ला प्रशासन कार्यालय तनहुँले बन्दाबन्दीको आव्हान गरेपछि बजारका होटल तथा रेष्टुरेन्टहरु पूर्ण रुपमा बन्द रहेका छन् । किसान पन्थले दुई वटा फार्म दर्ता गरी सोही वडाको गुँदीमा कडकनाथ कुखुरा दुई हजार र टर्की पाँच सय पाल्नुभएको छ भने सोही वडाको पोखरीभञ्ज्याङमा दुई लाख माछा र आठ हजार हाँस छुट्टाछुट्टै तरिकाले पाल्दै आउनुभएको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्म : २०१०/०३/११

स्वर्गारोहण : २०७८/०२/२५

स्व. केवल बहादुर कोइराला

यस समितिका सदस्य **केवल बहादुर कोइराला** को निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माका चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**बसन्त कुमार लिगल**
**अध्यक्ष तथा**

## गोपालजी मन्दिर सेवा समिति परिवार

**रामकृष्ण टोल, पोखरा-४**


# सडक निर्माणमा भएको लापरबाहीले बस्ती जोखिममा

**पोखरापत्र संवाददाता**
**बेनी, ५ असार**

बेनी-जोमसोम सडकखण्ड अर्न्तगत म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ पिप्ले गलेश्वर बजार कटान र पहिरोको जोखिममा परेको छ ।

गलेश्वर-पिप्ले जोड्ने सडकमा चलेको पहिरो रोकथाम र संरक्षणको काम नहुँदा बस्ती जोखिममा परेको हो । वर्षा आउँदा रातमा बस्न नै नसक्ने अवस्था सिर्जना भएको स्थानीयबासी मिम थकालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार, पिप्ले गलेश्वरमा २२ परिवारको वसोवास रहेको छ । "बस्ती माथिको पाखो लस्किएको छ, गत वर्षदेखि नै सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको हो, एक वर्षमा गलेश्वर-पिप्ले खण्डको सडकमा सिर्जित पहिरो नियन्त्रण, भलबाढी व्यवस्थापन र बस्ती संरक्षणमा केही काम हुन नसकुन अत्यन्तै दुखदायीपूर्ण हो", थकालीले भन्नुभयो ।

पिप्ले गलेश्वरका स्थानीयवासी बर्षा आउँदा वारिपट्टी रहेको बेनी नगरपालिका-९ गलेश्वरमा आश्रय लिनुपर्ने बाध्यता आएको छ । यसै बस्ती समेटिएको बेनी-जोमसोम सडक माथिबाट पहिरो खस्ने, सडक हिलाम्मे हुने समस्याले सवारी आगमन समेत प्रभावित हुँदै आएको छ । पटकपटक बस्तीमा बाढीसहितको हिलोको सास्ती स्थानीयबासीले व्यहोर्दै आएका छन् । यसैबीच गलेश्वरस्थित राहुघाट नदीमा निर्माणाधीन पक्की पुलको संरक्षणको लागि नदी किनारमा बनाइएको ग्याबिन जालीबाट नदीले कटान शुरु गरेको छ ।

स्तरीय तरिकाले ग्याबिन जालीसहितको संरक्षणको काम नगरेकाले कटान शुरु भएको र यसले बस्तीतर्फ थप नदी कटानको जोखिम बढाएको स्थानीयबासीको भनाइ छ ।